नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# राजविराज भन्सार कार्यालय
तिलाठी कोईलाडी १ ससरी

प.स.२०८२/८३ (मुद्दा शाखा) मितिः- २०८२/१२/१८

च.न.

**भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम खुल्ला बोलकवोलद्वारा विभिन्न मालवस्तुहरु लिलाम बढाबढ बारेको १५ (पन्ध्र) दिने सूचना ।**

**सूचना प्रकाशित मितिः- २०८२/१२/१८ गते**

विभिन्न निकायहरुको प्रतिवेदनले नेपाल सरकार अभियोगी वारिसे/वेवारिसे यस कार्यालयमा दर्ता भएको तपशिल बमोजिमका मालवस्तुहरु **मिति २०८३/०१/०२ गते बुधबार** (उक्त दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) का दिन दिउसो ११:०० बजेदेखि १३:०० बजेसम्म खुल्ला बोल कबोलद्वारा लिलाम बढाबढ गरिने भएकोले लिलाम लिन ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाले सो दिन समय मै उपस्थित भई मालबस्तु हेरी डांक बढाबढ गर्नु होला । बोलकबोल गर्दाके अवस्थामा व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाले अनिवार्य रुपमा आयकर, मु.अ.कर दर्ता प्रमाण पत्र, अन्तःशुल्क लाग्ने मालवस्तुहरुको हकमा कारोवार गर्न प्राप्त इजाजतपत्र र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । उल्लेखित मालबस्तुहरु जे जस्तो अबस्थामा छ सोही अबस्थामा उठाई लैजानु पर्नेछ । डांक कबोल गरेको मुल्यको न्यूनतम दश प्रतिशतले हुने रकम डांक कवोल गर्ने व्यक्ति/ फर्मबाट अग्रिम रुपमा धरौटी रकम जम्मा गर्नु पर्नेछ र डांक बढाबढ भएमा सोही अनुपातमा धरौटी थप गर्नु पर्नेछ । डांक बढाबढामा सबै भन्दा वढी अंक कवोल गर्ने व्यक्ति/फर्म को कबोल अंक स्वीकृत गरिनेछ । कबोल अंक स्वीकृत भएको मितिले ७ दिन भित्र आफुले कबोल गरेको मालवस्तुको मुल्य र सोमा प्रचलित नियम अनुसार लाग्ने कर (आयकर, मु.अ. कर तथा अन्तःशुल्क लगायतका कर) रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्याद भित्र मालवस्तु उठाई नलगेमा नियमानुसार हुने व्यहोरा समेत सूंचित गरिन्छ। नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार डांक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । यो सूचना भन्सार विभागको वेवसाइट **www.customs.gov.np** र यस कार्यालयको वेवसाइट **www.rajbiraj.customs.gov.np** मा समेत हेर्न सकिनेछ । अन्य व्यहोरा वुझ्नु प भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिनेछ ।यस सूचनामा उल्लेख भए वाहेक अन्य विषयहरु प्रचलित ऐन कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसील

| क्र.सं. | मुद्दा नं. | मुद्दा दायरी मिति | मालवस्तुको विवरण | न्युन्तम मूल्य |
|---|---|---|---|---|
| १ | ३१२ | २०८२-१२-०५ | साडि १३ पिस | ६५०० |
| २ | ३१६ | २०८२-१२-०८ | चिनि ११० किलो, दाल ५० किलो, MAKLIST बिस्कुट १४ कार्टुन ३० पिस, tosk बिस्कुट १ कार्टुन , कराही ६ पिस, सानो तसला ११ पिससमेत | ८२९८० |
| ३ | ३१७ | २०८२-१२-०९ | सादा साडि ९ पिस, सुति साडि ३ पिस, बुट्टावाल साडि ६ पिस,कुर्ता सलवाल ११ पिस , २.२ बलाउच चोलोको कपडा ४८ मिटर | ५०७४० |
| ४ | ३१८ | २०८२-१२-०९ | म्याक्सि कपडा २० थान,पाईन्ट कपडा( प्रतिथान २४ मिटर) ५ थान, भेलवेट(प्रतिथान १२+१२ मिटर) २ थान, सर्ट कपडा (२९.५ मिटर) १ थानसमेत | २०७६४० |
| ५ | ३१९ | २०८२-१२-१० | चिप्लो साडी १७ पिस | २५५०० |
| ६ | ३२० | २०८२-१२-११ | सुतिको साडी १२०पि., चिप्लो सारी २२पिस लेडिज कुर्था सुरुवाल१५ सेट, अण्डर वेयर ३५० पिससमेत | १२६०२० |
| ७ | ३२२ | २०८२-१२-१५ | साडि १५ पिस | ७५०० |
| ८ | ३२३ | २०८२-१२-१५ | सिन्दुर-१२प्या., टिका ११ प्या. पुजा कपडा ४०० पिससमेत | ४१९६० |
| ९ | ३२४ | २०८२-१२-१६ | लेडिज कपडा साडी १२ पिस | ९२०० |